वराहपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाघखोर, भोजपुर, कोशी

प. सं.: २०७५।०७६

मिति : २०७५।०६।०८

च. नं.: ८७

## विषय : अतिक्रमित घरजग्गा खाली गर्ने बारेको अत्यन्त जरुरी सूचना ।।।

प्रस्तुत विषयमा यस वराहपोखरी गाउँपलिकाको मिति २०७५।०६।०४ गते बसेको गाउँसभाले यस गाउँपालिका क्षेत्रभित्र सरकारी जग्गा, गुठी जग्गा तथा सार्वजनिक जग्गा मिचेर र अतिक्रमण गरेर बनाईएका घर तथा टहराहरु खाली गर्ने र कोही कसैबाट सरकारी जग्गा अतिक्रमण गरी आवाद गरेको भए सो समेत खाली गर्ने निर्णय गरेकोले, गाउँसभाले निर्धारण गरेको अन्तिम मिति २०७५ साल फाल्गुन मसान्तभित्र सम्बन्धित सबैले अतिक्रमित जग्गामा बनेका घर टहरा हटाउन तथा अतिक्रमित जग्गा छोड्नका लागी यो सूचना प्रकाशित गरिएको छ ।

यस सूचनालाई बेवास्ता गरी अतिक्रमित घर जग्गामा बनेका घर तथा टहरा नहटाईएमा तथा अतिक्रमित जग्गा खाली नगरेमा प्रचलित नियमानुसार भईजाने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

..............................
(शालिकराम बन्जारा)
अध्यक्ष
वराहपोखरी गाउँपालिका

बोधार्थ

श्री सूचना तथा सञ्चार फाँट कार्यालयको वेवसाइटमा अप्लोड गरिदिनु हुन ।